कर्णाली प्रदेश सरकार

# कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या :

चलानी नम्बर :

मिति :

## सेवाकालीन तालिमको मनोनयन दर्ता सम्बन्धी सूचना

सूचना नं. १०।२०८३-०८४

(प्रथम पटक प्रकाशित मितिः २०८३।०६।१५ गते)

यस प्रतिष्ठानको आ.व. २०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय तहका कार्यरत सहायकस्तर चौथो र सहायकस्तरपाँचौं/अधिकृतस्तर छैटौं तहका कर्मचारीहरुका लागि **"कार्यालय सञ्चालन तथा व्यवस्थापन"** विषयक ३२ (बत्तीस) कार्यदिने सेवाकालीन तालिम सञ्चालन हुने भएकोले देहायको न्यूनतम योग्यता पुगेका ईच्छुक कर्मचारीहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र (अन्तिम दिन कार्यालय समयभित्र) तपसिल बमोजिमको आवश्यक कागजात सहित प्रतिष्ठानको https://kpta.karnali.gov.np/tms मार्फत् आवेदन पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजात:**

१. कार्यालय प्रमुखबाट प्रमाणित मनोनयन फाराम

२. कार्यालयको सिफारिस पत्र,

३. समायोजन पत्र र प्रदेश वा स्थानीय तहमा कामकाजमा खटाईएको पत्र

४. सुरू नियुक्ति पत्र

५. हालको पदमा नियुक्ति पत्र

६. बढुवा हुनको लागि शैक्षिक योग्यताको प्रमाणपत्र

**आवश्यक योग्यता तथा शर्त:**

१. आवेदकको सम्बन्धित सेवा/समूहमा २ वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ। अन्य प्रशिक्षण प्रदायक संस्थाबाट यसै प्रकृतिको तालिम नलिएको हुनुपर्नेछ ।

२. ज्येष्ठता कायम गर्दा अधिकृतस्तर छैटौं तहको हकमा रा.प.अ.प्रथम श्रेणी/पाँचौं तहको नियुक्ति वा बढुवा नियुक्तिको लागू मितिलाई आधार मानिनेछ। अधिकृतस्तर छैटौं तह नै सुरुको नियुक्ति कर्मचारीको हकमा सुरुको नियुक्ति नै ज्येष्ठता कायमको आधार हुनेछ। ज्येष्ठता कायमको अन्य व्यवस्था प्रतिष्ठानको सेवाकालीन तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ र प्रतिष्ठानको निर्णय बमोजिम हुनेछ ।

३. सुरु नियुक्ति भएको पद वा तहबाट माथिल्लो पदमा बढुवाका लागि सम्भाव्य उम्मेदबार भएको हुनुपर्नेछ।

४. प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारी र सङ्घबाट प्रदेश वा स्थानीय तहमा कामकाज आएका कर्मचारीलाई मात्र समावेश गरिनेछ ।

५. फाराम भर्ने अन्तिम दिनको कार्यालय समय भित्र आवेदन पेस भएको हुनुपर्नेछ ।

६. रित पूर्वक प्राप्त नभएका आवेदनलाई रद्द गर्ने अधिकार प्रतिष्ठानमा रहनेछ।

७. सेवाकालीन तालिममा छनौट भएका प्रशिक्षार्थीहरुको ज्येष्ठताको योग्यताक्रम र तालिम सञ्चालन मिति पछि प्रकाशन गरिनेछ ।

८. यस तालिममा सहभागी कर्मचारीहरुलाई सेवाकालीन तालिम अवधिको यातायात खर्च, दैनिक भ्रमण भत्ता र आवास खर्च उपलब्ध गराईने छैन।

**आवेदन फाराम भर्ने तरिका:**

**नयाँ खाताको सिर्जना गर्ने तरिका:**

- https://kpta.karnali.gov.np/tms ब्राउजरमा खोल्ने,
- नयाँ प्रयोगकर्ता दर्ताका लागि दर्ता गर्नुहोस् बटनमा क्लिक गर्ने,
- आवश्यक रहेका विवरणहरू (नाम, थर, इमेल ठेगाना, मोबाइल नम्बर र पासवर्ड) राखुहोस् र खाता दर्ता गर्नुहोस् भन्ने बटनमा क्लिक गरी खाताको सिर्जना गर्ने। **(पहिले नै खाता भएकाहरूले नयाँ खाता बनाउन नपर्ने)**

**खाता सिर्जना पश्चात फाराम भर्ने तरिका:**

- https://kpta.karnali.gov.np/tms मा गई इमेल ठेगाना र पासवर्ड राखी लगइन गर्नुहोस्मा क्लिक गर्ने,
- बायाँपट्टीको मेनुमा रहेको प्रोफाईल सम्पादनमा जाने र दिईएको निर्देशन बमोजिम आवश्यक व्यक्तिगत विवरण, पेशागत विवरण, शैक्षिक योग्यताको विवरण र कागजातहरू राखी Finish बटनमा क्लिक गर्ने,
- त्यसपछि तालिम आवेदन ट्याब खुल्छ र तालिमका लागि आवेदन पेस गर्नुहोस् भन्ने बटनमा क्लिक गर्ने, तालिम आवेदनका लागि आवश्यक कागजातहरू मनोनयन पत्र र कार्यालयको सिफारिस पत्र Upload गरी आवेदन दिनुहोस् भन्ने बटनमा क्लिक गरी आवेदन पेस गर्ने।

शाखा अधिकृत

बुलबुले चोक, वीरेन्द्रनगर-८, सुर्खेत

फोन : ०८३-५२०२८०, ५२२५५४, ५२०१११, ५२१२६५

Website: kpta.karnali.gov.np, E-Mail: kpta.karnali@gmail.com, Google Plus Code: 7MW3HJPF+VC